मस्यौदा प्रति

# विद्यालय स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्ड, २०८०

मस्यौदा प्रति

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
२०८०

# विद्यालय स्थापना,सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावनाः** विद्यालय शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर कायम गरी विद्यार्थीको सिकाई उपलब्धी अभिवृद्धि गर्न विद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा आधारभुत विषयमा एकरुपता र स्तरीयता कायम गरी विद्यालयको सञ्चालन व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो मापदण्ड बनाएकोछ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "विद्यालय स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड स्वीकृत भएका मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

(ख)"ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ।

(ङ) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालय सम्झनु पर्छ।

(च) "विद्यालय नक्साङ्कन" भन्नाले शिक्षा दिनका लागि खोलिएका प्रारम्भिक बालविकास देखि माध्यमिक तहका विद्यालयहरुको दूरी, सेवा प्रवाह गरिरहेको क्षेत्र एवम् बालबालिकाहरुको शैक्षिक पहुँच पुरा भए नभएको हेर्न गरिएको अध्ययनलाइ सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ज) "शाखा" भन्नाले सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने महाशाखा वा शाखा सम्झनु पर्छ।

(झ) "शिक्षा समिति" भन्नाले स्थानीय तहका लागि गठन भएको नगर वा गाउ शिक्षा समिति सम्झनु पर्छ।

(ञ) "विद्यालय सामाजिक परीक्षण" भन्नाले विद्यालय सामाजिक परीक्षणका लागि निर्धारित मापदण्ड बमोजिम भएको परीक्षण सम्झनु पर्दछ।

(ट) "लैङ्गिक समता एवम् समावेशीकरण" भन्नाले शारीरिक मानसिक आर्थिक सामाजिक धार्मिक भौगोलिक एवम् लैङ्गिक आधारमा कुनै भेदभाव नभएको वा सबैका सिकाइ आवश्यकता प्रति उत्तरदायी भएको सम्झनु पर्छ।

(ठ) "सेट पाठ्यपुस्तक" भन्नाले विद्यार्थी पढने कक्षाका लागि तोकिएको पाठ्यक्रम बमोजिमको पाठ्यपुस्तकको जम्मा सङ्ख्या सम्झनु पर्छ।

## परिच्छेद-२

## विद्यालय नक्साङ्कन, अनुमति तथा सञ्चालन

**३. विद्यालयको नक्साङ्कन गर्नुपर्ने:** (१) स्थानीय तहले विद्यालय स्थापना, सञ्चालन, सार्ने, गाभ्ने तथा सेवा क्षेत्र तोक्न विद्यालयको नक्साङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नक्साङकन गर्दा प्रारम्भिक बालविकास केन्द्र देखी माध्यमिक तहका विद्यालयसम्मको नक्साङ्कन गर्नु पर्नेछ।

४. **विद्यालय नक्साङ्कनका आधार**: (१) दफा ३ बमोजिम विद्यालय नक्साङ्कनका आधार देहाय बमोजिम हुनेछन्:

(क) जनसंख्या, विद्यालय बाहीर रहेका विद्यालय जाने उमेर समूहका बालबालिका तथा विद्यार्थी संख्या,

(ख) भौगोलिक अवस्थिति तथा घर र विद्यालयसम्मको दूरी,

(ग) सामाजिक साँस्कृतिक परिवेश,

(घ) भौतिक पूर्वाधार तथा उपलब्ध जग्गा,

(ङ) स्थानीय तहले आवश्यक देखेका अन्य विषय।

(२) उपदफा (१) बमोजिमका आधारमा बालबालिकालाइ विद्यालय शिक्षामा पहुँच हुनेगरी विद्यालयहरू एक आपसमा गाभिने, बन्द गर्ने, कक्षा घटाउने, तह बृद्धि गर्ने, नया विद्यालय खोल्नुपर्ने वा अन्य वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने विषयमा स्थानीय तहबाट आवश्यक निर्णय हुनेछ।

(३) उपदफा (१) बमोजिमको नक्साङ्कनमा प्रारम्भिक वालविकास केन्द्र र विद्यालय विद्यालय अवस्थिति केन्द्रले तोकेको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इन्टिग्रेटेड एजुकेशनल मेनेजमेन्ट इन्फरमेशन सिस्टम) प्रणालीमा राखी अद्यावधिक गर्नु पर्नेछ।

**५. विद्यालय नक्साङ्कन प्रतिवेदन** (१) स्थानीय भित्रका विद्यालयहरूबाट हाल सेवा पाइरहेका विद्यार्थी र विद्यालय नभएका कारण विद्यालय शिक्षाको पहुँच नपुगेका स्थानको पहिचान गरी नक्साङ्कन प्रतिवेदन पेश गर्ने कार्य शिक्षा समितिबाट हुनेछ।

(२) उपदफा (१) शिक्षा समितिले नक्साङ्कनसम्बन्धी प्रतिवेदन तयारी तथा निरीक्षणसम्बन्धी कार्य गर्न स्थानीय तहको योजना तथा कार्यक्रम, प्राविधिक, शिक्षा विषय हेर्ने कर्मचारी,विषय विज्ञ तथा स्थानीय तहमा रहने पूर्वाधार तर्फका अन्य समितिको सहयोग लिन सक्नेछ।

६. **प्रतिवेदन बिना अनुमति दिन नहुने**: (१) विद्यालय नक्साङ्कन प्रतिवेदन विना नयाँ विद्यालयको स्थापना, कक्षा थप, प्रारम्भिक बालविकासको अनुमति गर्न गराउनु हुँदैन।

(२) नक्साङ्कन गर्दा अन्तरपालिका बीचमा विद्यालय मर्ज गर्नुपर्ने भएमा शिक्षा विकास तथा समन्वय इकाईले सहजीकरण र समन्वय एवम् प्राविधिक सहयोग गर्नु पर्नेछ।

७.**<u>सार्वजनिक विद्यालयको स्थापना र सञ्चालनः</u>** (१) सार्वजनिक विद्यालयको स्थापना र सञ्चालन प्रचलित यस मापदण्ड तथा प्रचलित कानून बमोजिम हुने गरी स्थानीय तहले गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले विद्यालयको स्थापना तथा सञ्चालन गर्दा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितताको आधारमा गर्नु पर्नेछ।

(३) यो मापदण्ड प्रारम्भ हुँदाका बखत तत्काल प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका सामुदायिक विद्यालय यसै मापदण्ड अनुकुल हुने गरी स्थापना र सञ्चालन गर्नु पर्नेछ।

८. **<u>निजी लगानीका विद्यालयको नक्साङ्कनः</u>** (१) यो मापदण्ड प्रारम्भ हुनु अघि स्थानीय तहमा सञ्चालित निजी लगानीको विद्यालयको दफा ४ का आधारमा स्थानीय तहले नक्साङ्कन गर्न सक्नेछ।

(२) प्रचलित कानून तथा यस मापदंण्ड बमोजिमका आधारमा सामाजिक, धार्मिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्ने चाहेमा स्थानीय तहले सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न प्रोत्साहन गर्न सक्नेछ।

(३) प्रचलित कानून तथा यस मापदंण्ड बमोजिमका आधारमा प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय स्थानीय तहले सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न प्रोत्साहन गर्न सक्नेछ।

९. **<u>विद्यालय सञ्चालनका लागि अनुमति लिनुपर्ने</u>** (१) विद्यालय सञ्चालनका लागि स्थानीय तहबाट अनुमति लिनु पर्नेछ।

(२) स्थानीय तहले नयाँ विद्यालय स्थापना तथा सञ्चालन अनुमतिका लागि अनुसूची-१ बमोजिमका पूर्वाधार पुगे नपुगेको यकीन गर्नेछ।

(३) स्थानीय तहले विद्यालयको स्थापना तथा कक्षा थपको अनुमति दिनु पूर्व उपदफा (२) बमोजिम पूर्वाधार पूरा भए नभएको सम्बन्धमा शिक्षा समिति वा समितिले तोकेको समितिको सदस्यबाट स्थलगत निरीक्षण अनुगमन गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम शिक्षा समिति वा सदस्यको प्रतिवेदनको आधारमा स्थानीय तहले स्रोत व्यवस्थापन सुनिश्चित गरी विद्यालय स्थापना वा कक्षा थपको अनुमति दिन सक्नेछ।

(५) प्रचलित कानून तथा यस मापदण्ड बमोजिम स्थानीय तहले कक्षा थप तथा नयाँ विद्यालय स्थापना गर्दा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषयमा अनुमति दिनु पूर्व मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१०. **<u>अनिवार्य शिक्षासम्बन्धी विशेष व्यवस्था</u>** (१) स्थानीय तहले आफ्नो स्थानीय तहभित्रका सबै बालबालिकाकालाइ आधारभुत तहसम्म अनिवार्य तथा नि:शुल्क शिक्षा प्रदान गर्नेगरी विद्यालयगत रूपमा सेवाक्षेत्र तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवाक्षेत्र तोक्दा दुई वा सोभन्दा बढी स्थानीय तहका बीचमा रहने सेवाक्षेत्र कायम हुने अवस्थामा शिक्षा विकास तथा समन्वय इकाइले समन्वय गरी जुन स्थानीय तहमा विद्यालय रहेको छ सोही विद्यालयको सेवाक्षेत्र कायम गर्नुपर्नेछ।

(३) सेवाक्षेत्र तोक्दा हाल सञ्चालनमा रहेका विद्यालयले भौगोलिक कठिनाई एवम् वालवालिका रहेको समुदाय र विद्यालयसम्मको दूरीका कारण वालवालिका भर्ना गर्न तथा पठनपाठन गर्न नसक्ने अवस्थामा स्थानीय तह आफैले विद्यालय सञ्चालन एवम् वैकल्पिक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको वैकल्पिक कार्यक्रम सञ्चालन गर्नेसम्बन्धी कार्यविधि स्थानीय तहबाट निर्धारण भए बमोजिम हुनेछ।

## परिच्छेद-३

## प्रारम्भिक बालविकास कक्षा तथा शिक्षा

**११. प्रारम्भिक बालविकास केन्द्रसम्बन्धी व्यवस्था:** (१) स्थानीय तहले वालवालिकाको शारीरिक मानसिक सामाजिक संवेगात्मक विकासमा सहयोग गर्न र विद्यालय शिक्षाका लागि तयारी गर्न चार वर्ष उमेर पुगेका वालवालिकाका लागि प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका केन्द्र सञ्चालन अनुमति दिदा प्रारम्भिक वालविकास केन्द्रको लागि प्रचलित मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(३) प्रारम्भिक बालविकास केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था यस मापदण्ड, यस सम्बन्धी जारी मापदण्ड तथा स्थानीय तहबाट निर्धारित अन्य व्यवस्था बमोजिम हुने गरी गर्नु पर्नेछ।

**१२. प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन:** (१) स्थानीय तहले हाल सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन गर्दा बालबालिकाको संख्याको आधारमा प्रतिविद्यालय एक बालविकास केन्द्र हुने गरी व्यवस्थापन गर्नु पर्नेछ।

(३) स्थानीय तहले हाल सञ्चालित प्रारम्भिक बालविकास केन्द्रलाई विद्यार्थी संख्याको आधारमा कायम गर्ने, घटाउने, बन्द गर्ने वा अन्य विद्यालयमा स्थानान्तरण गर्न सक्नेछ।

(४) स्थानीय तहले प्रचलित कानून तथा यस मापदण्ड बमोजिम प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गर्दा नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्नेगरी गर्नु पर्नेछ।

(५) स्थानीय तहले केन्द्रबाट उपलब्ध संख्या भन्दा बढी प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा सञ्चालनको अनुमति दिदा स्थानीय तहबाट आर्थिक स्रोतको व्यवस्थापन हुने गरी गर्नु पर्नेछ।

## परिच्छेद-४

## विद्यालय व्यवस्थापन

**१३. विद्यालय योजना:** (१) प्रत्येक विद्यालयले विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षका सम्बन्धमा सुधार गर्नु पर्ने विषयसहित विद्यालयको पाँच वर्षे विद्यालय सुधार योजना बनाउनुपर्ने छ।

(२) नमुना, प्राविधिक, विशेष एवम् समावेशी, विज्ञान प्रवर्धन कार्यक्रम सञ्चालन गर्न निर्धारित विद्यालयले उपदफा (१) का अतिरिक्त विद्यालय शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षका सम्बन्धमा विद्यालय विकास योजना बनाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको योजना बनाउदा स्थानीय तह, विद्यार्थी, शिक्षक, अभिभावक एवम् विद्यालयसँग सम्बन्धित सरोकारवालाको सुझाव लिनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको योजना स्थानीय तहको सुझावसमेत लिई विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत हुनेछ।

(५) विद्यालयमा सञ्चालन तथा व्यवस्थापन हुने कार्यक्रम उपदफा (१) र (२) बमोजिमका योजनामा निर्धारण हुनेछ।

(६) यस दफा बमोजिम स्वीकृत योजना कार्यान्वयन गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ।

(६) विद्यालय योजनाको अनुगमन तथा सुधारकासम्बन्धमा स्थानीय तहबाट सहजीकरण हुनेछ।

(७) उपदफा (१) र (२) बमोजिमका योजनाको ढाँचा अनुसूची-२ मा व्यवस्था भए बमोजिम बमोजिम हुनेछ ।

**१४. वार्षिक शैक्षणिक योजना:** (१) प्रत्येक विद्यालयले शिक्षण सिकाइलाई सहज, प्रभावकारी, गुणस्तरीय तथा समय सापेक्ष बनाउन विद्यालय शैक्षिक गतिविधिलाई समावेश गरी विद्यालयको वार्षिक शैक्षणिक योजना बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक शैक्षणिक योजनामा स्वीकृत पाठ्यक्रमका आधारमा पाठ्यभार, सिकाईका विषयवस्तु, शैक्षणिक विधि, सिकाई सामग्री, परीक्षा, मूल्याङ्कनसम्बन्धी विषय समावेश गर्नु पर्नेछ।

(३) प्रत्येक स्थानीय तहले यस दफा बमोजिमको वार्षिक शैक्षणिक योजनालाई सबै विद्यालयमा एक रुपताका साथ कार्यान्वयनका लागि आवश्यक कार्य गर्न सक्नेछ।

(४) प्रत्येक विद्यालयले वार्षिक शैक्षणिक योजनाको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ।

**१५. वार्षिक शैक्षिक क्यालेण्डर:** (१) प्रत्येक स्थानीय तहले निर्धारित शैक्षिक सत्रको परिधिभित्ररही विद्यालय सञ्चालन, व्यवस्थापन, शैक्षणिक गतिविधि, अध्यापन, परीक्षा सहितका विषय समावेश गरी प्रधानाध्यापकहरुको परामर्शमा वार्षिक शैक्षिक क्यालेण्डर लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक शैक्षिक क्यालेण्डरमा देहायका विषय उल्लेख गर्नु पर्नेछ:



नमूना प्रति

(क) विद्यार्थी भर्ना, पाठ्यपुस्तक वितरण, समिक्षा, कक्षा सञ्चालन हुने मिति र अवधि,

(ख) विद्यार्थी, शिक्षक तथा कर्मचारी अभिमुखिकरण र कार्य जिम्मेवारी बाँडफाँड,

(ग) योजना निर्माण, विद्यार्थी व्यैक्तिक अभिलेख तयारी, शिक्षण सिकाइ सञ्चालन, सहजीकरण,

(घ) एकीकृत शैक्षिक सूचना प्रणालीमा विद्यालयको तथ्याङ्कको अध्यावधिक, सत्यापन तथा प्रविष्ठि,

(ङ) निर्माणात्मक एवम् निर्णयात्मक विद्यार्थी मूल्याङ्कन,

(च) सरकारी सार्वजनिक, पर्व तथा स्थानीय विदा,

(छ) विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलाप, छात्रबृति वितरण,

(ज) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको सञ्चालन, (औषधि खुवाउने, स्वास्थ्य परिक्षण, किशोरीलाई आइरन फोलिक एसिडको चक्कि वितरण, पोषण)

(झ) विषय केन्द्रित परियोजनाको लागि विद्यार्थी परिचालन, सरसफाई अभियान,

(ञ) परीक्षा सञ्चालन हुने अवधि, नतिजा प्रकाशन, समिक्षा तथा प्रमाणपत्र वितरण,

(ट) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, गुनासो सुनुवाई, विद्यार्थी हक हितसंग सम्बन्धित अन्य समिति वा सञ्जालका बैठक,

(ठ) विद्यालयको सामाजिक परीक्षण तथा शैक्षिक शत्रमा हुने अन्य गतिविधि,

(ड) स्थानीय तहले आवश्यक ठानेका शैक्षिक गतिविधि सम्बन्धी अन्य विषय।

(३) प्रत्येक विद्यालयले उपदफा (१) बमोजिमको शैक्षिक क्यालेन्डर बमोजिम विद्यालयको कार्य सम्पादन गर्नु पर्नेछ।

(४) विपद् वा अन्य कुनै विशेष कारण परी कुनै विद्यालयको शैक्षिक क्यालेण्डर प्रभावित हुन गएमा स्थानीय तहको शिक्षा समितिबाट शैक्षिक सत्रलाई असर नपर्ने गरी त्यस्तो क्यालेन्डर संसोधन गर्न सकिनेछ।

## परिच्छेद-५

## विद्यालय सञ्चालन

१६. **विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्ने:**(१) विद्यालय सञ्चालनका लागि मौजुदा शिक्षा सम्बन्धी कानूनको परिधिभित्र रही विद्यालय व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्यालय व्यवस्थापन समितिलाई प्रचलित शिक्षा सम्बन्धी कानूनमा निर्धारण गरेका काम,कर्तव्य र अधिकारका कार्य सम्पादन गर्ने गरी स्थानीय तहले आवश्यक व्यवस्था गर्नुपर्ने छ।

१७.**विद्यार्थी भर्ना र अभिलेख व्यवस्थापन:** (१) प्रत्येक विद्यालयले कम्तिमा आफ्नो सेवाक्षेत्रभित्रका बालबालिकालाई निजको उमेर तथा स्तर अनुसार कक्षागत रुपमा विद्यार्थीको भर्ना गर्नु पर्नेछ।

(२) विद्यार्थी भर्ना गर्दा बालबालिकाको लेखाजोखा गरी हेराई, सुनाई, हिडाई सिकाइ जस्ता विषयमा समस्या भए नभएको सूचना सम्बन्धित अभिभावकसँग लिनुपर्ने छ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको सूचनालाई विद्यालय अवधिमा सिकाइसँग आवद्ध गरी संबोधन गर्नुपर्ने छ।

(४) भर्ना भएका सबै बालबालिकासँग सम्बन्धित सूचना समेटेर व्यक्तिगत अभिलेख व्यवस्थापन गर्नु पर्नेछ।

(५) उपदफा (४) अनुसारका अभिलेखहरु विद्यालयले गोप्य रूपमा राख्नु पर्दछ।

१८.**<u>प्रधानाध्यापक सम्बन्धी व्यवस्था:</u>** (१) प्रत्येक विद्यालयमा एकजना प्रधानाध्यापक रहने गरी व्यवस्था गर्नु पर्नेछ।

(२) विद्यालयको प्रधानाध्यापकको छनोट तथा योग्यता सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रधानाध्यापकसँग स्थानीय तहको मार्ग दर्शनमा रही विद्यालय व्यवस्थापनसंग कार्यसम्पादन करार गर्नुपर्ने छ।

(४) विद्यालय व्यवस्थापन समितिले कार्यसम्पादन करार बमोजिम कार्यसम्पादन नगर्ने प्रधानाध्यापकका सम्वन्धमा प्रचलित कानून बमोजिमको विधि र प्रक्रिया अवलम्बन गरी सुनुवाईको मौका दिई प्रधानाध्यापकको जिम्मेवारीबाट मुक्त गर्न सक्ने छ।

(५) उपदफा (३) बमोजिम कार्यसम्पादन करारमा राम्रो नतिजा ल्याउने प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन समिति तथा सम्बन्धित स्थानीय तहले प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ।

(६) विद्यालयको प्रधानाध्यापकको कार्यविधि प्रचलित कानूनमा निर्धारण भए बमोजिम हुने छ।

(७) विद्यालयको प्रधानाध्यापकले विद्यालयको शैक्षिक गुणस्तर हासिल गर्न प्रचलित कानूनमा निर्धारण गरिएका काम, कर्तव्य र अधिकारको प्रयोग गर्नुपर्ने छ।

१९.**<u>शिक्षक बैठक:</u>** (१) प्रत्येक विद्यालयमा वार्षिक शैक्षिक कार्यतालिका (क्यालेण्डर) बमोजिम कार्यरत शिक्षक बैठक बस्ने र निर्णय गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको बैठकको निर्णय कार्यान्वयन गर्ने दायित्व सम्बन्धित शिक्षक तथा कर्मचारीको हुने छ।

२०.**<u>प्राविधिक सेवाका लागि विद्यालय तोक्न सक्ने:</u>** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका विद्यालयको भौतिक पूर्वाधार तथा उपलब्ध जनशक्तिका आधारमा कुनै विद्यालयलाई विषयगत सहजीकरण, प्रश्नपत्र निर्माण, तथ्यांक प्रविष्टि, विद्यालय योजना निर्माणका प्राविधिक सेवा उपलब्ध गराउने विद्यालयको रूपमा तोक्न सक्ने छ।

(२) प्राविधिक सेवा उपलब्ध गराउने विद्यालयले अन्य विद्यालयका लागि प्राविधिक काममा सहयोग गर्नु पर्नेछ।

(३) स्थानीय तहले विषयगत शिक्षकको रोष्टर तयार गरी विद्यालयमा परिचालन गर्न सकिनेछ।

२१. **सूचना प्रविधिको प्रयोग**:(१) विद्यालयले शिक्षण सिकाईमा आवश्यकता अनुसार सूचना तथा सञ्चार प्रविधिको उपयुक्त माध्यम प्रयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रविधि प्रयोग गरी भए वा गरेको कुनै पनि काम-कारबाही,तालीम, सीप परीक्षण, पठन-पाठन, मूल्याङ्कन वा परीक्षा सञ्चालन, नतिजा प्रकाशन, प्रतिवेदन सम्प्रेषण लगायतका कार्य रीतपूर्वक भए वा गरेको मानिने छ।

(३) विद्यालयले सूचना प्रविधिको प्रयोग गरी मन्त्रालय, प्रदेश सरकार वा स्थानीय तहले सिफारिस गरेका वेभ पेज, अफ लाइन तथा अन लाइन सिकाइ सामग्री प्रयोग गर्न गराउन शिक्षक, कर्मचारी तथा विद्यार्थिका लागि अभिमुखीकरण गर्नुपर्ने छ।

(४) स्थानीय तहले विद्यालयमा हुने सिकाइ क्रियाकलाप एवम् अभिलेखनमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने छ।

## परिच्छेद-६
## शिक्षक व्यवस्थापन

२२. **विद्यालयमा रहने दरबन्दी** (१) सार्वजनिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत भए बमोजिमका श्रेणी र तहका स्थायी शिक्षकको दरवन्दी रहने छ।

(२) उपदफा (१) को अधीनमा रही केन्द्रले स्थानीय तहलाई उपलब्ध गराएको शिक्षक दरवन्दी आधारभुत तह कक्षा एक-पाँचको हकमा विद्यार्थी संख्याको आधारमा, आधारभुत तह कक्षा ६- आठ तथा माध्यमिक तह कक्षा नौ–दशको हकमा विद्यार्थी संख्या र विषयगत आधारमा सम्बन्धित स्थानीय तहले सार्वजनिक विद्यालयमा वितरण तथा व्यवस्थापन गर्नुपर्ने छ।

(३) सार्वजनिक विद्यालयको माध्यमिक तहको कक्षा एघार र कक्षा बाह्रका लागि केन्द्रले उपलब्ध गराएको स्थायी दरवन्दी तथा शिक्षक अनुदान (राहत) विषयगत तथा विद्यार्थी संख्याको आधारमा सम्बन्धित स्थानीय तहले वितरण तथा व्यवस्थापन गर्न सक्नेछ।

(४) केन्द्रले स्थानीय तहलाई उपलब्ध गराएको शिक्षक अनुदान (राहत) आधारभुत तह कक्षा एक-पाँचको हकमा विद्यार्थी संख्याको आधारमा, आधारभुत तह कक्षा ६- आठ तथा माध्यमिक तह कक्षा नौ–दशको हकमा विद्यार्थी संख्या र विषयगत आधारमा सम्बन्धित स्थानीय तहले सार्वजनिक विद्यालयमा वितरण तथा व्यवस्थापन गर्नुपर्ने छ।

(५) विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था प्रचलित कानून तथा विशेष शिक्षा परिषदबाट निर्धारण भए बमोजिम हुनेछ।

(६) सार्वजनिक विद्यालयमा विद्यार्थी सङ्ख्या, विषय, विद्यालय बीचको दूरी तथा सञ्चालित शैक्षिक कार्यक्रमका आधारमा आवश्यकताको पहिचान गरी स्थानीय तह वा सम्बन्धित विद्यालयले आफ्नै स्रोतवाट व्यहोर्नेगरी प्रचलित कानून बमोजिम घुम्ति, अङ्सिक वा आवधिक रुपमा करारमा शिक्षक राख्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम शिक्षक राख्दा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी तथा स्थानीय तहमा दीर्घकालीन दायित्व नपर्ने गरी गर्नुपर्ने छ।

२३. **<u>रिक्त दरवन्दीको जानकारी दिनु पर्ने</u>** (१) विद्यालय शिक्षक सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकले त्यसरी पद रिक्त भएको मितिले सात दिनभित्र सोको विवरण स्थानीय तहमा पठाउनु पर्ने छ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिमको विवरण केन्द्रको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा सात दिनभित्र अध्यावधिक गरी लिखित रुपमा इकाइमा जानकारी गराउनु पर्ने छ।

(३) इकाइले उपदफा (१) र (२) बमोजिमको विवरण संकलन तथा अध्यावधिक गरी केन्द्रले माग गरेको समयमा रिक्त शिक्षकको पद, श्रेणी, तह र विषय खुल्ने गरी स्थानीय तहगत आधारमा एकीकृत गरी पठाउनु पर्ने छ।

(४) स्थानीय तहले शिक्षकको पदपूर्तिको लागि विवरण उपलब्ध गराउदा उपदफा (१) को विवरणका अतिरिक्त सो शैक्षिक सत्रभित्र अनिवार्य अवकाशबाट रिक्त हुने पद समेत यकिन गरी उपदफा (२) बमोजिम तथ्याङ्क अध्यावधिक गरी इकाइमा पठाउनु पर्ने छ।

(५) यस दफा बमोजिमको अवधिभित्र विवरण उपलब्ध गराउने दायित्व सम्बन्धित विद्यालयको प्रधानाध्यापक, इकाइ तथा स्थानीय तहको हुनेछ।

२४. **<u>नियुक्ति र पदस्थापनः</u>** (१) आयोगबाट शिक्षक सेवाको पदमा सिफारिस भई आएको व्यक्तिलाई इकाइले नियुक्ति गर्नुपर्ने छ।

(२) स्थानीय तहबाट माग भई आएको विवरणको आधारमा सिफारिस भई नियुक्ति पत्र बुझेका शिक्षकलाई पदस्थापन गरी हाजिर गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुने छ।

(३) कुनै पनि स्थानीय तह तथा विद्यालयबाट पदपूर्तिको लागि पठाएको शिक्षकको रिक्त पदमा शिक्षक सेवा आयोगबाट सिफारिस भई नआएसम्म स्थायी शिक्षक राख्न वा राख्न लगाउन पाइने छैन।

२५. **<u>व्यक्तिगत विवरण</u>**: (१) विद्यालय शिक्षक सेवामा नियुक्ति भएको शिक्षकले नियुक्ति भई हाजिर भएको एक महिनाभित्र तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण (सिटरोल) तयार गरी सम्बन्धित विद्यालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत विवरण सम्बन्धित विद्यालयले स्थानीय तह मार्फत इकाइमा पठाउनु पर्नेछ र इकाइले त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनु पर्ने छ।

(३) राष्ट्रिय किताबखाना (शिक्षक) ले व्यक्तिगत विवरण प्राप्त भएको मितिले एक महिनाभित्र दर्ता गरी अभिलेख राख्नु पर्ने छ।

(४) शिक्षकको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको हुने छ।

(५) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित शिक्षकको हुने छ।

२६. **<u>शिक्षकको सरुवा:</u>** (१) स्थानीय तहले दफा २३ बमोजिम रिक्त भएको शिक्षक पदको विवरण केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी सोको जानकारी सार्वजनिक गर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिमको सूचनामा रिक्त भएको विद्यालय, श्रेणी, पद, तह, विषय खुलाई पन्ध्र दिनको समय दिई अन्य विद्यालयका विषय, पद, तह, तथा श्रेणी मिल्ने शिक्षकको सरुवा निवेदन आह्वान गर्न सकिने छ।

(३) उपदफा (२) बमोजिम शिक्षक सरुवा गर्दा निवेदन दिने तह र विषय मिल्ने शिक्षकहरूमध्येबाट देहायका आधारमा गर्नु पर्नेछ:

(क) हाल कार्यरत रहेको विद्यालयमा सबैभन्दा बढी सेवा गरेको,

(ख) खण्ड (क) बमोजिम निर्धारण हुन नसकेमा हालको पदमा स्थायी नियुक्तिको जेष्ठताको आधारमा,

(ग) खण्ड (ख) बमोजिम निर्धारण हुन नसकेमा हालको पदमा स्थायी र अस्थायी नियुक्तिको जेष्ठताको आधारमा।

(४) उपदफा (३) बमोजिमको प्राथमिकताका आधारमा स्थानीय तहभित्रको भए सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको सिफारिसमा सम्बन्धित स्थानीय तहले स्थानीय तहले गर्न सक्नेछ भने अन्तर स्थानीय तह वा जिल्लान्तर सरुवाको लागि जाने आउने विद्यालय तथा स्थानीय तहको सहमति सहित सरुवा हुने विद्यालय रहेको जिल्लाको इकाइमा पेश गर्नुपर्ने छ।

(५) इकाइले उपदफा (४) बमोजिम जिल्लान्तर सरुवा गर्दा छाड्ने इकाइको समेत सहमति लिएको हुनुपर्ने छ।

(६) उपदफा (४) बमोजिम जिल्लान्तर सरुवा गर्दा कागजात प्राप्त भएको सात दिनभित्र निर्णय गरी सम्बन्धित शिक्षकलाई लिखित रुपमा जानकारी गराइसक्नु पर्नेछ र सरुवा गर्ने गरी निर्णय भएकोमा सरुवा गरिएको पत्रमा रमाना दिने समयावधि तोकी सम्बन्धित विद्यालयमा जानकारी गराउनु पर्नेछ।

(७) यस दफा बमोजिम भएको शिक्षकको सरुवाको विवरण केन्द्रको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा स्थानीय तह तथा इकाइले अध्यावधिक गरी सोको जानकारी राष्ट्रिय किताव खाना शिक्षकलाई समेत दिनुपर्ने छ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक सेवा आयोगमा पदपूर्तिको लागि पठाइएको पद, दरवन्दी मिलानको क्रममा खुद पूल दरवन्दी कायम भएको पदमा शिक्षक सरुवा गर्न गराउनु हुँदैन।

(९) प्रचलित कानून तथा यस मापदण्ड बमोजिम शिक्षकको सरुवा गर्दा सामान्तया शैक्षिक सत्र सुरु भएको प्रारम्भिक महिनामा गर्ने गरी व्यवस्था गर्नुपर्ने छ।

२७. **<u>करार शिक्षक सम्बन्धी व्यवस्था:</u>** (१) विद्यालयमा करारमा शिक्षक नियुक्ति गर्दा शिक्षक सेवा आयोगको योग्यताक्रममा नाम समावेश भएका व्यक्तिलाई करार गरी नियुक्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको करारको सूचीको अवधि समाप्त भएको वा शिक्षक उपलब्ध नभएको अवस्थामा करारमा शिक्षक नियुक्त गर्नु परेमा प्रचलित कानून बमोजिमको शिक्षक छनोट समिति मार्फत विधि र प्रक्रिया पूरा गरी शिक्षक छनोट गर्नुपर्ने छ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्रोतबाट करारमा शिक्षक नियुक्ति गर्दा उपदफा (१) बमोजिमको अवस्था भएमा सोही बमोजिम र सो नभएमा खुल्ला प्रतिस्पर्धाको आधारमा उपदफा (२) बमोजिमको शिक्षक छनोट समितिबाट गर्नुपर्ने छ।

(४) यो मापदण्ड प्रारम्भ हुनु अघि शिक्षक अनुदान तथा स्थायी दरवन्दीमा करारमा कार्यरत शिक्षकलाई सम्बन्धित स्थानीय तहले समान तह र विषयका आधारमा दरवन्दी मिलान गरी स्थानान्तरण गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम शिक्षक अनुदान तथा स्थायी दरवन्दीमा करारमा कार्यरत शिक्षकको स्थानान्तरण गर्दा सामान्तया शैक्षिक सत्र सुरु भएको प्रारम्भिक महिनामा मात्र गर्ने गरी व्यवस्था गर्नुपर्ने छ।

२८.**<u>शिक्षक पेशागत विकास:</u>** (१) केन्द्र तथा प्रदेश सरकारबाट सञ्चालित कार्यक्रमका अतिरिक्त स्थानीय तह र विद्यालयले शिक्षकको पेशागत क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (२) बमोजिमको पेशागत क्षमता अभिबृद्धि कार्यक्रममा सहभागिता गराउनु तथा हुनु सम्बन्धित विद्यालय तथा शिक्षकको जिम्मेवारी हुनेछ।

(३) विद्यालयले कार्यरत शिक्षक कर्मचारीका लागि पेशागत क्षमता विकास कार्यक्रम छनोट एवम् कार्यान्वयन गर्दा शिक्षक कर्मचारीलाइ तोकिएको कार्यजिम्मेवारीसँग सम्बन्धित हुनुपर्ने छ।

(४) विद्यालयले कार्यरत शिक्षक कर्मचारी सबैले अवसर पाउने गरी क्षमता अभिबृद्धि कार्यक्रममा सहभागी छनोट गर्नुपर्ने छ।

(५) विद्यालयले छनोट गरेका कार्यक्रममा सहभागी हुने सिकाइ गर्ने र सिकेका विषय कार्यान्वयन गर्ने दायित्व सम्बन्धित शिक्षक तथा कर्मचारीको हुनेछ।

२९.**<u>अतिरिक्त तथा विशिष्टिकृत विधामा जनशक्ति परिचालन:</u>** (१) स्थानीय तहले आफ्नो तहभित्रका विद्यालयका लागि नृत्य, गायन, संगीत, खेलकुद, स्काउट, मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा, अपाङ्गताभएका व्यक्तिका लागि सहयोग जस्ता कार्यक्रमका लागि विज्ञ सेवा वा विषयगत ज्ञान तथा सीप भएको कुनै शिक्षकलाई खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका विषयमा ज्ञान तथा सीप भएको शिक्षक वा विज्ञले आवश्यकता अनुसार सम्बन्धित विद्यालयका विद्यार्थीका लागि त्यस्तो कार्यक्रममा सहभागी भई विशिष्टिकृत सेवा प्रदान गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम कार्यजिम्मेवारी तोकिएको शिक्षकलाई स्थानीय तहले प्रोत्साहन प्रदान गर्न सकिनेछ।

## परिच्छेद-७

## <u>पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण सिकाई</u>

३०.**<u>पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षक निर्देशिका उपलब्ध गराउनु पर्ने:</u>** (१) विद्यालयले शैक्षिक सत्र शुरु भएको हप्ता दिनभित्र सबै विद्यार्थीलाई सेटमा नयाँ पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम पाठ्यपुस्तक उपलब्ध गराउदा स्थानीय पाठ्यक्रम बमोजिमको पाठ्यपुस्तकसमेत उपलब्ध गराउनु पर्ने छ।

(३) विद्यालयले प्रत्येक शिक्षकलाइ पढाउने विषयसँग सम्बन्धित एक सेट पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध गराउनु पर्ने छ।

(४)उपदफा (३) मोजिम उपलब्ध भएको पाठ्यक्रम तथा शिक्षक निर्देशिका आफूले प्रयोग गरिसकेपछि विद्यालय पुस्तकालयमा राख्नुपर्ने छ।

(५)शैक्षिक सत्रको शुरुमा प्रधानाध्यापक आफैले वा विद्यालय वाहिरबाट सहजकर्ताको व्यवस्था गरेर पाठ्यक्रम पाठ्यपुस्तक तथा विद्यार्थी मूल्याङ्कनका सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

३१.**<u>वैयक्तिक विवरण (पोर्टफोलियो) राख्नुपर्ने</u>** (१) विद्यालयमा भर्ना भएका प्रत्येक विद्यार्थीको वैयक्तिक विवरण (पोर्टफोलियो) विद्यालयले राख्नुपर्ने छ।

(२)उपदफा (१) बमोजिमको वैयक्तिक विवरणमा जन्मदर्ता, बसाई सराई, विद्यार्थीका शैक्षिक गतिविधि, नतिजा, उपलब्धी तथा निर्धारित अन्य विवरण सहितका विषय समावेश गर्नुपर्ने छ।

(३) उपदफा (१) बमोजिमको वैयक्तिक विवरण निरन्तर अध्यावधिक गर्नु पर्नेछ।

(४) कुनै विद्यार्थी विद्यालयबाट स्थानान्तरण भएमा निजको वैयक्तिक विवरण अभिलेख राखि सम्बन्धित विद्यालयमा पठाउनु पर्ने छ।

३२.**<u>वालवालिका अनुकल शिक्षण गर्नुपर्ने:</u>** (१) शिक्षकले अध्ययनरत विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था अनुकलन हुने गरी शिक्षण विधि छनोट गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम शिक्षण गर्दा बालबालिकाका लागि अनुकुल हुने सिकाइ सामग्रीको व्यवस्था गर्नुपर्ने छ।

(३) विद्यार्थीको सिकाइ क्षमताका आधारमा बालबालिकाको वैयक्तिक भिन्नतालाई सम्बोधन हुने गरी बहु विधिको प्रयोग गर्नुपर्ने छ।

३३.**<u>सिकाइ उपलब्धी विष्लेषण:</u>** (१) विद्यालयले सुधारात्मक मूल्याङ्कन एवम् निर्णयात्मक मूल्याङ्कनबाट प्राप्त नतिजाको आधारमा विद्यार्थीको सिकाइ विष्लेषण गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम विद्यार्थीको सिकाइ विष्लेषण गर्दा निर्धारित सिकाइ उपलब्धी हासिल गर्न नसकेका विद्यार्थीका लागि विद्यालयले अभिभावक तथा स्थानीय तहसँग समन्वय गरी सुधारात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

३४.**<u>विषयगत शिक्षक समूह:</u>** (१) स्थानीय तहले विद्यालयमा कार्यरत शिक्षकहरुमध्येबाट माथिल्लो श्रेणी तथा तहको वरिष्ठ शिक्षकको संयोजकत्वमा विषयगत शिक्षक समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित विषयगत शिक्षक समितिले विद्यालयको विषयगत शिकाई सुधारको लागि आवश्यकता पहिचान, विश्लेषण, अनुसन्धान, अन्वेषण तथा प्राथमिकिकरण गरी क्षमता विकास सम्बन्धी कार्य गर्ने छ।

(३) विषयगत शिक्षक समिति सम्बन्धी अन्य व्यवस्था त्यस्तो समिति गठन हुँदाका समयमा स्थानीय तहबाट निर्धारण भए बमोजिम हुनेछ।

**परिच्छेद-८**

**<u>विद्यार्थी मूल्याङ्कन, छात्रवृत्ति तथा खाजासम्बन्धी व्यवस्था</u>**

**३५.<u>विद्यार्थीको मूल्याङ्कन:</u>** विद्यालयले विद्यार्थीको मूल्याङ्कन प्रचलित लेटर ग्रेडिङ पद्दति तथा व्यवस्था बमोजिम गर्नुपर्ने छ।

**३६.<u>सिकाइका लागि सुधारात्मक मूल्याङ्कन:</u>** (१) स्थानीय तहले सिकाइका लागि सुधारात्मक मूल्याङ्कन प्रणाली (एससमेन्ट फर बेटर लर्निङ) कार्यान्वयनका लागि स्थानीय शिक्षा समितिको परामर्शमा सुधार योजना बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिकाइका लागि सुधारात्मक मूल्याङ्कन प्रणाली बमोजिमको सुधार योजना स्थानीय तहबाट स्वीकृत भएपछि कार्यान्वयन हुनेछ।

(३) स्थानीय तहले उपदफा (१) बमोजिमको सिकाइका लागि सुधारात्मक मूल्याङ्कन प्रणालीका सम्बन्धमा विद्यालय मार्फत सम्बन्धित अभिभावकलाइ जानकारी गराउने छ।

**३७.<u>छात्रबृति तथा आवास सुविधा:</u>** (१) सार्वजिनक विद्यालयले आफ्नो कोषको रकम, विद्यालयमा उपलब्ध अनुदान एवम् व्यक्ति वा निजीक्षेत्रबाट स्थापित अक्षयकोषबाट विद्यार्थीलाई छात्रबृति उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको छात्रबृति वितरण गर्नका लागि स्थानीय तहले निश्चित दिन तोक्न सक्नेछ।

(३) उपदफा (१) का अतिरिक्त सार्वजनिक विद्यालयले प्रचलित कानून बमोजिम गरिब परिवार परिचयपत्र प्राप्त गरेका, आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका व्यक्ति,दलित र सीमान्तकृत समुदायका व्यक्ति तथा तोकिएको दुर्गम क्षेत्रका व्यक्तिका लागि विद्यालय शिक्षामा पहुँच बढाउन आवासीय सुविधा सहितको विशेष व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा(३) बमोजिम आवाशीय छात्रबृति पाउने विद्यार्थीको विवरण विद्यालय र स्थानीय तहले आफ्नो वेबसाइटमा सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्ने छ र आफ्नो वेबसाइट नभएको अवस्थामा सूचना प्रकाशन गरी सार्वजनिक गर्नुपर्ने छ ।

(५) छात्रबृतिको वितरण तथा छात्रावास प्रदान गर्ने कार्य प्रचलित कानून बमोजिम सक्षमता, आवश्यकता तथा औचित्यताको आधारमा गर्नु पर्नेछ।

(७) प्रत्येक सार्वजनिक विद्यालयले यस दफा बमोजिम गरिएका कार्यको विवरण प्रतिवेदनको रुपमा तयार गरी स्थानीय तहमा पठाउनु पर्नेछ।

**३८.<u>संस्थागत विद्यालयले छात्रबृति उपलब्ध गराउनु पर्ने:</u>** (१) प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालबिकास तथा शिक्षादेखि बाह्र कक्षासम्मका पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा दश प्रतिशत, पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा बाह्र प्रतिशत र आठ सयभन्दा

बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशतले हुन आउने सङ्ख्या बराबरको विद्यार्थीलाई कक्षागत आधारमा छात्रबृति प्रदान गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको छात्रबृति विद्यार्थी भर्नाको समयमा नै  कक्षागत छात्रवृत्ति उपलब्ध हुने संख्या खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ र भर्ना हुने विद्यार्थी कक्षागत समानुपातिककताको आधारमा सबै कक्षाका विद्यार्थीले छात्रवृत्ति पाउने गरी व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) छनोटका लागि स्थानीय तहले कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम कार्यविधि बनाउदा स्थानीय तहले गरिब परिवार परिचयपत्र प्राप्त गरेका,आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका व्यक्ति,दलित र सीमान्तकृत समुदायका व्यक्ति तथा दुर्गम क्षेत्रका व्यक्तिका लागि छात्रवृत्ति प्रदान गर्नु पर्ने गरी व्यवस्था गर्न सक्नेछ।

**<u>स्पष्टीकरण</u>**ः यस उपदफाको प्रयोजनको लागि "आर्थिक रुपमा विपन्न" भन्नाले गरिब परिवार परिचयपत्र वितरण भएको स्थानमा सो बमोजिम र वितरण नभएको स्थानमा सो परिचयपत्र जारी नहुञ्जेलसम्मको लागि स्थानीय तहले प्रचलित कानून बमोजिम आर्थिक रुपमा विपन्न भनी सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ।

(५) निजी लगानीका संस्थागत विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले उपदफा (१) बमोजिम प्रदान गर्ने छात्रबृति पाउनेहरूको नामावली वेभसाइटमा प्रकाशन गर्नुपर्ने छ।

**३९.<u>दिवा खाजासम्बन्धी व्यवस्था:</u>** (१) विद्यालयले विद्यालयको हाताभित्र  जङ्गफुड  बिक्री वितरण गर्न, बाहिरबाट ल्याउन, खान र खुवाउन नपाइने व्यवस्था मिलाउनुपर्नेछ।

(१) विद्यालयमा नेपाल सरकारको वार्षिक कार्यक्रम तथा नीति बमोजिम निर्धारित कक्षासम्मका लागि ताजा पकाएको दिवा खाजा खुवाउनु पर्नेछ।दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरूमा एकरूपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्ने

(२) उपदफा (१) बमोजिमको खाजा हप्ताको ६ दिन तयार गरिएको खाजा मेनु बमोजिम खुवाउदा अनुसुची २ बमोजिमको मापदण्ड बमोजिम खुवाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिवा खाजा खुवाउनकालागि स्थानीय तहले सबै प्रधानाध्यापक, स्थानीय तहमा कार्यरत कृषि,  स्वास्थ्य शाखाका प्रमुख र विज्ञको परामर्शमा मौसम, वातावरण, स्थानीय तहमा खाद्य सामाग्रीहरूको उत्पादन एवम् उपलब्धता, खाद्य व्यवहार र सांस्कृतिक मान्यता बमोजिमको मेनु निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको मेनुअनुसारको दिवा खाजा व्यवस्थापनका लागि स्थानीय तहले थप स्रोतको व्यवस्थापन एवम् लागत साझेदारी गर्न र अभिभावक/गैरसरकारी संघ संस्थासँग वा अन्य निकायसँग साझेदारी गराउन सक्नेछ ।

(५) यस दफा बमोजिम खाजा व्यवस्थापन गर्दा विद्यालयले ताजा र पोषिलो दिवाखाजाका लागि चाहिने तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका खाद्य सामाग्री उपलब्ध भएसम्म स्थानीय कृषकबाट खरिद गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्थानीयस्तरमै उत्पादन भएको खाद्य सामग्री व्यवस्थापनका लागि स्थानीय तहले कृषि सहकारी तथा किसान समुहसँग आवश्यक सहजीकरण गर्न सक्नेछ।

(७) यस मापदण्ड बमोजिमको दिवा खाजा खुवाउनका लागि भान्साघर, भान्से, सामग्री, गुणस्तर तथा वितरण प्रणालीसमेतका विषयमा सम्बन्धित स्थानीय तहले विद्यालय, कषक समूह, विद्यालय, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यालय तथा गुणस्तर तथा नापतौल जाँचबुझ गर्ने निकायसंग समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

(८) यस दफा बमोजिमको दिवा खाजाका लागि स्थानीय समुदायका व्यक्ति सम्मिलित प्रचलित कानून बमोजिम स्थापित कुनै संस्थाले स्थानीय कृषि उपजको उपयोग गर्ने गरी यस दफा तथा प्रचलित व्यवस्था बमोजिम खाध्य गुणस्तर कायम हुने गरी पकाएको खाजा खुवाउन साझेदारी गर्न चाहेमा स्थानीय तहसमक्ष प्रस्ताव पेश गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम प्रस्ताव परेमा प्रचलित कानून, खाध्यान्नको गुणस्तरीयता, खाध्य स्वच्छता, आवश्यक क्यालोरी तथा उपदफा (२) र (३) बमोजिम हुने तथा सोको सुनिश्चिताका सम्बन्धमा प्रस्तावका विषयमा अनुगमन प्रतिवेदन प्राप्त गरी निर्धारित शर्त पूरा गर्ने शर्तमा लागत साझेदारी हुने गरी स्थानीय तहले सम्झौता गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिम सम्झौता गर्दा बालबालिकाको स्वास्थ्य प्रतिकूल, खाध्य गुणस्तरहीन, आवश्यक क्यालोरी नभएको, प्रचलित कानून विपरीत तथा शर्त विपरीतको कार्य गरेको अवस्थामा त्यस्तो सम्झौता स्थानीय तहबाट जुनसुकै बखत खारेज हुने र प्रचलित कानून बमोजिम कारवाही हुने गरी सर्त निर्धारण गर्नु पर्नेछ।

(११) बालबालिकाका लागि दिवा खाजा कार्यक्रमलाई विद्यालय स्वास्थ्य, पोषण कार्यक्रमका गतिविधि, जुकाको औषधि वितरण, आइरन फोलिक एसिड वितरण, आवधिक स्वास्थ्य, आँखा तथा दाँतको जाँच, खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमसँग एकिकृत रूपमा सञ्चालन गर्नुपर्ने छ।

(१२) दिवा खाजा व्यवस्थापनका लागि स्थानीय तहले स्थानीय तहस्तरीय दिवा खावा व्यवस्था एवम् अनुगमन समिति गठन गर्न सक्नेछ। विद्यालय तहमा विद्यालय व्यवस्थापन समितिले दिवा खाजा व्यवस्थापन उप समिति गठन गर्न सक्नेछ ।

(१३) स्थानीय तहले यस दफा बमोजिम बालबालिकाका लागि दिवा खाजा कार्यक्रम सञ्चालन गर्दा अन्तर सार्वजनिक विद्यालयका लागि यस दफा बमोजिमको गुणस्तर कायम गर्ने गरी कार्यविधि स्वीकृत गरी वृहद खाजा घरको अवधारणा (मेघा किचन प्रोभिजन) बमोजिम हुने गरी एकीकृत रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ।

(१४) स्थानीय तहले विद्यालयको दिवा खाजा व्यवस्थापनको निरीक्षण तथा अनुगमन गर्नेछ र सोको वार्षिक विवरण केन्द्रमा पठाउनेछ।

३९.<u>स्यानिटरी प्याड</u>:(१) प्रत्येक स्थानीय तहबाट नेपाल सरकारको वार्षिक कार्यक्रम बमोजिम सार्वजनिक विद्यालयका छात्रा महिनावारी भएको समयमा नि:शुल्क रूपमा स्यानिटरी प्याड उपलब्ध गराउने सम्बन्धी व्यवस्था हुनेछ।

(२) उपदफा (१) बमोजिम स्यानिटरी प्याड उपलब्ध गराउदा गुणस्तरीयता कायम भएको सुनिश्चिता सहित यस सम्बन्धी कानूनी प्रवन्ध तथा गुणस्तरीयता कायम गरी व्यवस्थापन गर्नुपर्ने छ।

## परिच्छेद-९

## लैङ्गिक समता,समावेशीकरण तथा प्राविधिक शिक्षा

४०.**लैङ्गिक समता तथा समावेशीकरण:**(१) प्रत्येक विद्यालयले विद्यार्थीको प्रतिभा रुचि एवम् कार्यगत सिमितता लेखाजोखा गरी सिकाइ आवश्यकता पहिचान गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमका विद्यालयले विद्यालय योजना निर्माणदेखि कार्यान्वयन तहसम्म लैङ्गिक शारीरिक मानसिक साँस्कृतिक भौगोलिक एवम् अपांगताको अवस्थाका बालबालिकासँग सम्बन्धित विषयहरु समावेश गर्नुपर्ने छ।

(३) उपदफा ( १) बमोजिम सिकाइ आवश्यकता पहिचान एवम् उपर्युक्त सामग्री र विधि छनोट एवम् शिक्षण गर्नका लागि शिक्षक क्षमता विकास कार्यक्रम तथा तालिम सञ्चालन गर्नुपर्ने छ।

४१.**अपाङ्गता भएका विद्यार्थीसम्बन्धी व्यवस्था:** (१) प्रत्येक विद्यालयले अपाङ्गता क्षमता भएका बिद्यार्थीका भर्नाका लागि प्रचलित कानून बमोजिम हुने गरी व्यवस्था गर्नुपर्ने छ।

(२) उपदफा ( १) बमोजिम भर्ना भएका बालबालिकाका लागि शिक्षण सहयोगका लागि स्रोतकक्षा सञ्चालन गर्न सकिने छ।

(३) फरक क्षमता भएका बालबालिकाको लागि क्षमता अनुकुलका पाठ्यपुस्तक एवम् अन्य सिकाइ सामग्रीको व्यवस्था मिलाउनु पर्नेछ।

(४) ब्रेल पाठ्यपुस्तक सांकेतिक भाषा लगायतका सामग्री व्यवस्थापनका लागि विद्यालयले सबै स्थानीय तह मार्फत केन्द्रमा सूचना दिनुपर्नेछ।

४२.**प्राविधिक शिक्षा:** (१) कुनै विद्यालयले विद्यालयको स्वीकृत योजना बमोजिम प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रचलित कानून तथा नीति बमोजिम विद्यालय तथा कार्यक्रमको नक्सांकन तथा स्थलगत अनुगमन गर्नुपर्ने छ।

(३) स्थलगत अनुगमन तथा नक्सांकनबाट त्यस्तो कार्यक्रम सञ्चालन हुन सक्ने भएको तथा स्रोतको सुनिश्चितता र कार्यक्रम दीर्घकालसम्म सञ्चालन हुने निश्चित भएमा मात्र प्रचलित कानून बमोजिम नेपाल सरकारबाट स्वीकृत ढाँचाभित्र रहने र स्वीकृत पाठ्यक्रम एवम् पाठ्यपुस्तक प्रयोग गर्ने गरी प्राविधिक शिक्षा सञ्चालन गर्ने अनुमति प्रदान गर्न सकिनेछ।

(४) यस दफा बमोजिम प्राविधिक शिक्षाको कार्यक्रम सञ्चालनको अनुमति सम्बन्धी कार्य गर्दा यस सम्बन्धी पूर्वाधार, गुणस्तर तथा अन्य कानून बमोजिम हुने गरी मात्र गर्नु पर्नेछ

(५) वार्षिक कार्यक्रम तथा निर्धारत नीतिको अधीनमा रही नेपाल सरकारले सार्वजनिक विद्यालयमा सञ्चालित प्राविधिक धारका कार्यक्रमका लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त अनुदानको खर्च प्रणाली केन्द्रबाट निर्धारण भए बमोजिम हुनेछ।

(७) सार्वजनिक विद्यालयमा सञ्चालित प्राविधिक धारमा प्रचलित कानून बमोजिमको विधि र प्रक्रिया पूरा गरी खुल्ला प्रतिष्पर्धाको माध्यमबाट शिक्षक व्यवस्थापन गर्नु पर्नेछ।

## परिच्छेद-१०

## विद्यालय सुसाशन तथा आर्थिक व्यवस्थापन

४३. **विद्यालय विनियमः**(१) विद्यालयले सञ्चालन, शिक्षक कर्मचारी नियुक्ति, सेवा, शर्त, सुविधा, अनुशासन,आचार संहितासहितका विषयमा आवश्यक व्यवस्था गरी विद्यालय सुशासन कायम गर्न विद्यालयले आफ्नो विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियम विद्यालय व्यवस्थापन समितिको शिफारिस सहित स्थानीय तहमा पेश गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम पेश भएको विनियम सम्बन्धित स्थानीय तहबाट भए पछि कार्यान्वयन हुनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक विद्यालयका कर्मचारीको नियुक्ति तथा सेवा सर्त सम्बन्धी विषयमा इकाइको स्वीकृति लिनुपर्ने छ।

(५) यसदफा बमोजिम स्वीकृत भएको विनियम स्थानीय तह तथा विद्यालयमा र कर्मचारी सम्बन्धित विषयमा इमाइमासमेत अभिलेख राख्नु पर्नेछ।

४४.**पारदर्शिता कायम गर्नु पर्नेः** (१) सार्वजनिक विद्यालयले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य स्रोतबाट प्राप्त रकम, अनुदान तथा कार्यक्रम प्रचलित कानून बमोजिम मितव्ययी किसिमले सञ्चालन तथा परिचालन गर्नु पर्नेछ।

(२) विद्यालयमा सञ्चालन हुने सबै कार्यक्र पारदर्शी रूपमा सञ्चालन गर्नुपर्ने छ।

(३) संस्थागत तथा शैक्षिक गूठी अन्तर्गतका विद्यालयका विद्यालयले प्रचलित कानून, विधान तथा सञ्चालक समितिको निर्णय बमोजिम विद्यालयको गतिविधि सञ्चालन गर्नु पर्नेछ।

(४) विद्यालयले आफ्ना गतिविधि सरोकारवालाको जानकारीका लागि वेबसाइट, सूचनापाटी एवम् अन्य उपयुक्त सञ्चार माध्यम मार्फत कम्तीमा महिनाको एक पटक सार्वजनिक गर्नु पर्नेछ।

४५.**खरिद इकाइको गठनः**(१) विद्यालयले गर्नुपर्ने निर्माण कार्य गर्न, वस्तु एवम् सेवाको खरिदको लागि खरिद सम्बन्धी प्रचलित कानून बमोजिम हुने गरी एक खरिद इकाइको गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खरिद इकाइले प्रत्येक आर्थिक वर्षमा विद्यालयमा गर्नु पर्ने वस्तु एवम् सेवाको खरिदको लागि वार्षिक खरिद योजना बनाउनुपर्ने छ।

(३) उपदफा (२) बमोजिमको खरिद इकाइले बनाएको खरिद योजना विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ खरिदसम्बन्धी कार्य गर्नु पर्नेछ।

४६.**खरिदसम्बन्धी कानून बमोजिम कार्य गर्नु पर्नेः** (१) सार्वजनिक विद्यालयले गर्नुपर्ने खरिदसम्बन्धी कार्य प्रचलित खरिदसम्बन्धी कानून बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) को विद्यालय बाहेकको विद्यालयले प्रचलित कानून, विधान, निर्णय तथा प्रक्रिया बमोजिम खरिदका आधारभुत मान्यता बमोजिम खरिद सम्बन्धी कार्य गर्नु पर्नेछ।

४७.**<u>सामाजिक परीक्षण गर्नुपर्ने:</u>** (१) विद्यालयले प्रत्येक वर्ष विद्यालय सामाजिक परीक्षण;सम्बन्धी प्रवन्ध बमोजिम सामाजिक परीक्षण गर्नु पर्नेछ।

४८.**<u>गुनासो व्यवस्थापन:</u>** (१) प्रत्येक विद्यालयले आफ्नो विद्यालयमा हुने गतिविधि, शिक्षण सिकाई क्रियाकलाप, शिक्षकको व्यवहार, चाल चलन, बालबालिका प्रति हुन सक्ने शारीरिक वा मानसिक दुर्व्यवहार वा उपेक्षा वा अन्य व्यवहार वा वा शोषण वा यौन दुर्व्यवहार वा यस्तै किसिमका गतिविधिका सम्बन्धमा गुनासो सुन्न गुनासो सुन्ने शिक्षक तोक्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिम गुनासो सुन्ने शिक्षक पलब्ध भएसम्म महिला शिक्षकलाई तोक्नुपर्ने छ।

(३) गुनासो व्यवस्थापनका लागि भएको संयन्त्रको विषयमा बालबालिकालाई जानकारी गराउनु पर्नेछ।

(४) गुनासो सुन्ने शिक्षकले परेका गुनासो संवोधन गर्न पहल गर्नु पर्नेछ र प्रचलित कानून बमोजिम फौजदारी कारवाही हुने विषयमा सम्बन्धित निकायमा जानकारी गराउन लगाउन सक्नेछ।

(५) गुनासो सुन्ने शिक्षकलाई अन्य शिक्षक,अभिभावक, विद्यार्थी,कर्मचारी, स्थानीय तह तथा सरकारी निकायबाट आवश्यक सहयोग गर्नुपर्ने छ।

४९.**<u>लेखा जिम्मेवार व्यक्तिः.</u>** (१) प्रधानाध्यापक विद्यालयको लेखा जिम्मेवार पदाधिकारीको रूपमा रहनेछ र निजले आर्थिक व्यवस्थापनको जिम्मेवारी पूरा गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको प्रधानाध्यापकले विद्यालय कोषमा प्राप्त भएको रकम आम्दानी बाध्ने, प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने, बेरुजू फस्यौंट गर्ने तथा यस सम्बन्धी अन्य कार्य गर्नुपर्ने छ।

५०.**<u>कार्यजिम्मेवारी दिन सक्ने:</u>** (१) प्रधानाध्यापकले आफ्नो जिम्मेवारीमा सहयोगका लागि लेखा हेर्ने कर्मचारी भए निजलाई र निज नभए लेखासम्बन्धी जानकारी भएको अन्य कुनै शिक्षकलाई आर्थिक व्यवस्थापनसम्बन्धी कार्यजिम्मेवारी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी पाउने लेखा तर्फको कर्मचारी वा निज नभएमा लेखासम्बन्धी जानकारी भएको शिक्षकले प्रचलित कानूनको परिधिभित्र रही प्रधानाध्यापकको मातहतमा रही काम गर्नुपर्ने छ ।

(३) विद्यालय कोषको सञ्चालन तथा व्यवस्थावन सम्बन्धी विषय प्रचलित शिक्षा तथा आर्थिक प्रशासनसम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

५१.**<u>लेखा परीक्षण गराउनु पर्ने:</u>**(१) विधालय कोषबाट भएको सबै प्रकारका आम्दानी तथा खर्चको स्थानीय तहमा सूचिकृत दर्तावाला लेखापरीक्षकबाट आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

(२) लेखा परीक्षण पश्चात लेखा परीक्षकले दिएका प्रतिवेदन कार्यान्वयन गर्ने गराउने दायित्व विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

५२.**<u>बेरूजुको जानकारी</u>**: (१) विद्यालयमा निकासा भएको बजेटशीर्षक बमोजिम भएको खर्चको विषयमा लेखापरीक्षण प्रतिवेदनबाट बेरूजु देखिएमा स्थानीय तहले सम्बन्धित विद्यालयलाई जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई जानकारी गराउदा नियमित गर्नुपर्ने, फस्यौंट गर्नुपर्ने वा असुलउपर गर्नुपर्ने कुन प्रकृतिको बेरूजु हो सोको विषय खुल्नेगरी जानकारी गराउनु पर्नेछ।

५३.**<u>बेरुजू फछ्यौंट गर्नुपर्ने:</u>**(१) विद्यालयको लेखा परीक्षण प्रतिवेदनमा बेरुजू औंल्याएका विषयमा फस्यौंट गर्ने दायित्व बेरुजुसँग सम्बन्धित शिक्षक वा कर्मचारी र प्रधानाध्यापकको हुनेछ।

(२) कुनै विद्यालयका नाममा बेरुजु रहेमा जुन कार्यक्रममा बेरुजु देखिएको हो सोही खर्च शीषर्कमा स्थानीय तहबाट रकम निकासा रोक्का हुनसक्ने छ।

(३) असुलउपर गर्नुपर्ने बेरुजु फस्यौंट नगरेमा वा फस्यौंटका लागि कागजात पेश नगर्ने विद्यालयको शिक्षक वा कर्मचारीलाई रमाना रोक्का वा निबृत हुँदाको सुविधा रोक्का वा सीफारिस रोक्का गर्ने वा सो गर्दा समेत फछ्यौंट नगरेमा प्रचलित कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

५४.**<u>प्रतिवेदन गर्नुपर्ने:</u>** (१)विद्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आय व्ययको विस्तृत विवरण सहित स्थानीय तहमा प्रतिवेदन गर्नु पर्नेछ।

(२) स्थानीय तहले नेपाल सरकारबाट वित्तिय हस्तान्तरण भएको कार्यक्रमको भौतिक एवम् वित्तिय प्रगति विवरण इकाइ मार्फत केन्द्रमा पठाउनुपर्ने छ।

५५. **<u>खाता सञ्चालन</u>**: विद्यालयको कोषको खाता प्रधानाध्यापक वा निजले तोकेको शिक्षक र लेखा तर्फको कर्मचारी भए निज र निज नभए लेखा तर्फको जिम्मेवारी पूरा गर्ने शिक्षकको संयुक्त दस्तखतबाट हुनेछ।

५६. **<u>विद्यालयको सम्पत्तिको संरक्षण</u>**: (१) विद्यालयको नामको सम्पत्तिको संरक्षण गर्नु नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक तथा अन्य सबैको कर्तव्य हुनेछ।

(२) विद्यालयको सम्पत्तिको प्रयोग विद्यालय र विद्यालयको हितमा बाहेक गर्न गराउन हुँदैन।

## परिच्छेद-११
## <u>विविध</u>

५७. **<u>विद्यालयको अभिलेख राख्नुपर्ने:</u>**स्थानीय तहभित्र सञ्चालन भएका विद्यालयको अभिलेख स्थानीय तहले राख्नु पर्नेछ।

५८. **<u>सूचना प्रणालीमा आवद्ध गर्नु पर्ने</u>** (१) विद्यालय तहका सबै सूचना शैक्षिक सूचना प्रणालीमा आबद्ध गर्नुपर्ने छ ।

(२) विद्यालयबाट उपलब्ध भएका सूचना प्रशोधन गरी स्थानीय तहले प्रमाणिकरण गर्नुपर्ने छ।

५९.**<u>सम्पर्क व्यक्ति रहने</u>** (१) एकिकृत शैक्षिक सूचना व्यवस्थापनका लागि स्थानीय तहमा व्यवस्था भए बमोजिमको शिक्षा तर्फको कर्मचारी सम्पर्क व्यक्तिको रुपमा रहनेछ भने विद्यालयमा प्रधानाध्यापकले तोकेको शिक्षक सम्पर्क व्यक्तिको रुपमा रहनेछ।

६०.**<u>वास्तविक सूचना राख्नु पर्ने:</u>** (१) विद्यालयले शैक्षिक सूचना व्यवस्थापनका सूचना राख्दा वास्तविक र सत्यापन भएका सूचना मात्र राख्नु पर्नेछ।

(२) कसैले विद्यालयका सम्बन्धमा गलत सूचना राखेको वा उपलब्ध गराएको पाइएमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

६१.**<u>विपद व्यवस्थापन प्रतिकार्य:</u>** (१) विद्यालयबाट विकास हुने सबै खालका योजनामा विपद व्यवस्थापन प्रतिकार्य योजना समावेश गर्नुपर्ने छ।

(२) उपदफा (१) मा समावेश गरिएको प्रतिकार्य योजना एवम् विपदको तयारीका विषयमा शिक्षक, विद्यार्थी तथा अभिभावकका लागि अभिमुखीकरण गर्नुपर्ने छ।

(३) विद्यालयले स्थानीयसंगको समन्वयमा जुनसुकै विपदमा सिकाइ निरन्तर रूपमा सञ्चालन हुने गरी व्यवस्था मिलाउनुपर्ने छ।

(४) उपदफा (३) बमोजिम सिकाइ निरन्तरताका लागि विद्यालयले तयार गरेको वैकल्पिक ढाँचका विषयमा स्थानीय तहसँग समन्वय गर्नुपर्ने छ।

६२.**<u>निर्धारण भए हुने:</u> (१)** मन्त्रालय अन्तर्गत स्थानीय तहमा वित्तिय हस्तान्तरण भएका कार्यक्रमको कार्यान्वयन केन्द्रबाट प्रत्येक वर्ष जारी भए बमोजिम हुने छ।

(२) उपदफा (१) बमोजिम सञ्चालित कार्यक्रमको प्रतिवेदन केन्द्रमा पठाउनुपर्ने छ।

६३.**<u>साझेदारी गर्न सकिने</u>** (१) विद्यालय विकाससँग सम्बन्धित विषय र बालबालिकाको सिकाइ सहजीकरणका लागि विद्यालयले स्थानीय तहको पूर्व स्वीकृतिमा अन्य विद्यालय, सामाजिक संस्था नागरिक समाज तथा अभिभावकसँग साझेदारी गर्न सकिनेछ।

(२) साझेदारीका लागि साझेदारले आफ्नो अवधारण स्पष्ट पारी सहयोगको क्षेत्र र सहयोगको प्रकृति खुल्ने गरी प्रस्ताव गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिमको प्रस्तावका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिबाट स्वीकृति भएपछि कार्यान्वयन हुन सक्नेछ।

(४) यस दफा बमोजिमको साझेदारी शिक्षण सिकाई तथा शैक्षिक अन्नयनमा मात्र सीमित गर्नु पर्नेछ। कसैले पनि विद्यालयको सम्पत्तिको उपयोग तथा प्रयोगको लागि साझेदारी गर्न सक्ने छैन।

(५) विद्यालयले आवश्यकताका आधारमा सार्वजनिक,सहकारी र निजी क्षेत्रका रोजगारदातासँग समन्वय, सहकार्य तथा साझेदारीमा विभिन्न धारका शिक्षण सिकामा सैद्धान्तिक र व्यवहारिक सिकाइ कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

६४. **<u>अनुभवको सदुपयोग गर्ने:</u>** (१) स्थानीय तहले सेवा निबृत शिक्षक, कर्मचारी तथा अन्य विषयमा दक्षता हासिल गरेका व्यक्तिलाई विद्यालयको विकास, शिक्षक सहयोग कार्यक्रम तथा विद्यालयको शैक्षिक उन्नयनमा सहभागी गराउन सक्नेछ।

मस्यौदा

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको कार्यक्रमका लागि आवश्यक सहजीकरण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको कार्यान्वयनको लागि मन्त्रालय, केन्द्र तथा स्थानीय तहले कार्यक्रम विकास गर्न सक्नेछन।

६५.**<u>एकीकृत सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिने</u>**ः (१) केन्द्रले विद्यालय शिक्षा सम्बन्धी गतिविधिका विषयलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना व्यवस्थापन प्रणाली सम्बन्धी अन्य व्यवस्था केन्द्रबाट निर्धारण भए बमोजिम हुनेछ।

६६.**<u>अनुगमन, मूल्याङ्कन र प्रतिवेदनः</u>** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले विद्यालयका कार्यक्रम तथा शैक्षिक गतिविधिका सम्बन्धमा नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहमा गरिएको अनुगमन तथा मूल्याङ्कनको एकीकृत वार्षिक प्रतिवेदन जिल्लागत आधारमा केन्द्रमा रहनेछ।

(३) यस दफा बमोजिमको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको आधारमा विद्यालय शिक्षा सम्बन्धी नीतिगत व्यवस्थामा पुनरावलोकन हुनेछ।

६७. **<u>बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार</u>**ः (१) विद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विद्यालयमा सुरक्षित रहनेछ।

(२) उपदफा (१) बमोजिम विद्यालयमा संलग्न रही अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति आर्जनमा संलग्न विद्यार्थी, शिक्षक वा अनुसन्धानकर्ता वा अन्य व्यक्तिलाई पहिचान वा पुरस्कार वा तोकिए बमोजिम रोयल्टीको केही हिस्सा उपलब्ध गराउन सक्नेछ।

६८. **<u>स्वार्थ बाझिएमा काम कारबाही गर्न नहुने</u>**ः(१) विद्यालयको काम कारवाहीमा आवद्ध हुने कुनै व्यक्ति वा शिक्षक वा कर्मचारीले विद्यालयको हित वा सरोकारसँग स्वार्थ बाझिने देखिएमा निज त्यस्तो काम कारबाही वा निर्णय प्रक्रियामा सहभागी हुनु हुँदैन।

## अनुसुची १

### (दफा ९ को उपदफा (२)सँग सम्बन्धित)

### विद्यालय स्थापना तथा सञ्चालनका लागि आवश्यक पूर्वाधार

(क) आधारभूत विद्यालयका लागि विद्यालयको प्रयाप्त जग्गा भवन, नौ फिट उचाइको र घाम तथा पानीबाट बचाउ हुने किसिमको सुरक्षित कक्षाकोठा र कक्षागत क्षेत्रफल पूर्व प्राथमिक र प्राथमिक विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर तथा निम्न माध्यमिक र माध्यमिक विद्यालयको हकमा १.०० वर्ग मिटर भएको,

(ख) अध्यापन गराइने कक्षाकोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थासहित विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था भएको,

(ग) छात्राछात्रको लागि अलग–अलग र प्रयाप्त मात्रामा शौचालयको व्यवस्था,

(घ) पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकासहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय भएको,

(ङ) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरु जस्तो कालोपाटी, नक्शा, ग्लोब, गणितीय सामग्रीहरु रहेको,

(च) सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने कम्पाउण्ड भएको,

(छ) पूर्वप्राथमिक विद्यालयमा घर बाहिरका क्रियाकलापहरु संचालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था भएको,

(ज) पाठ्यक्रमअनुसारको विज्ञान सामग्रीको व्यवस्था भएको,

(झ) विद्यालय सञ्चालन लागि आवश्यक स्रोतको व्यवस्थापन

(ञ) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्ने,

(ट) आवासीय विद्यालयको लागि आवास भवन हुनुपर्ने,

(ठ) विद्यालयको हाता कम्पाउण्डले घेरिएको हुनुपर्ने,

(ड) भाडाको भवनमा विद्यालय संचालन गर्ने भए कम्तीमा पाँच वर्षको घर भाडासम्बन्धी सम्झौता भएको हुनुपर्ने,

(ढ) पन्ध्र मिनेटको दूरी भित्र अन्य कुनै सामुदायिक विद्यालय नभएको

**अनुसुची २**

**(दफा १३ को उपदफा (७) सँग सम्बन्धित)**

**विद्यालय योजनाको ढाँचा**

१.पृष्ठभूमि
२. विद्यालयको परिचय
२.१ ऐतिहासिक पृष्ठभूमि
२.२ भौगोलिक अवस्था
२.३ विद्यालय रहेको समुदायको बनोट तथा विद्यालय सेवा क्षेत्र
२.४ विद्यालयमा सञ्चालित कार्यक्रम
३. विद्यालय सुधार गुरुयोजना निर्माण प्रक्रिया
४. विद्यालयको वर्तमान अवस्था विश्लेषण
४.१ शैक्षिक पक्षको अवस्था
४.२ भौतिक सुविधाको अवस्था
४.३ विद्यालयको व्यवस्थापकीय प्रबन्धको अवस्था
४.४ विद्यालयको अवस्था सारांशमा

५. प्रमुख समस्या र समाधानका उपायहरू
६. गुरुयोजना निर्माण
६.१ विद्यालयको दूरदृष्टि
६.२ उद्देश्य
६.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण
६.४ लक्ष्य निर्धारण
६.५ पाँच वर्षका लागि कार्यकलाप निर्धारण
६.६ पाँच वर्षका लागि बजेट अनुमान
७. पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना
  ७.१ विस्तृत कार्यकलाप र बजेट
  ७.२ वार्षिक कार्य तालिका
  ७.३ अनुगमन योजना
८ वार्षिक कार्यान्वयन योजनाको ढाँचा

(क) विद्यालय दिवा खाजाको मापदण्ड

| क.स | आवश्यक पोषण तह प्रति वच्चा प्रति दिन (Nutrition categories required per child per day) | उमेर समूह तथा तह ४देखि १२ वर्ष (०-५) (Age Group/Grade) | दैनिक सिफारिश आवश्यकता (RDA per day) | दिवा खाजा वाट ३०% प्रतिशत प्रस्तावित पोषण लक्ष्य (Targeted of school meal 30%) |
|---|---|---|---|---|
| १ | क्यालोरी (किलो क्यालोरी) calories (KCL/day) | ४-१२ | १८५० | ५५५ |
| २ | प्रोटिन (ग्राम) Protein (gm/day) | ४-१२ | २९.५ | ८.८५ |
| ३ | फ्याट (ग्राम) Fat (gm/day) | ४-१२ | ३० | ९ |
| ४ | आयोडिन (माईक्रो ग्राम) Iodine (µg/day) | ४-१२ | १२० | ३६ |
| ५ | आईरन (मिली ग्राम) Iron (mg/day) | ४-१२ | १७.८ | ५.४ |
| ६ | जिङ्क (मिली ग्राम (zinc mg/day) | ४-१२ | ११.२ | ३.३६ |
| ७ | भिटामिन ए (माईको ग्राम) (Vitamin A µg) | ४-१२ | ५०० | १५० |

(ख) दिवा खाजाको मात्रा

एक जना विद्यार्थीका लागि दिवा खाजाका लागि आवश्यक खाद्यसामग्री

(अ)अन्न समूह (५०-६०), (आ)गेडागुडी समूह (४० -५०), (इ)फलफूल एवम् तरकारी समूह (४० -५०) (ई)पशुजन्य समूह (२०-५०) गरी कम्तीमा १५० देखि २०० ग्राम वजनको खाद्य सामाग्रीहरू मिसाएर खाजा तयार गर्नुपर्ने छ।

नमूना प्रति